हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २०, अङ्क : ०६, २०७८ कात्तिक २१ गते आइतवार (7 Nov. 2021), मूल्य रु. २०।-



नेपालीहरुको दोस्रो ठुलो चाड तिहार : राष्ट्रिय एकतामा ठुलो योगदान दिएको तिहारको अवसरमा सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारी आफ्नो भाईलाई तिहारको टिका लगाइदिँदै ।

नेपालीहरुले राष्ट्रिय एकताको पर्व तिहार मनाए

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - हामी नेपालीहरुको सबै भन्दा पहिलो कुरा प्रकृतिको सम्मान गर्ने परम्परा चल्दै आएको छ । त्यस पनि हिन्दु सनातन धर्मले प्रकृतिको सबै भन्दा बढि सम्मान र आदर गरेको पाइन्छ ।

हामी मानव जातिलाई मात्र होइन यो पृथ्वीमा रहेका सबै प्राणीको पालन पोषण रेख देख सबै प्रकृतिले नै गने भएकाले हामी मानिस पनि प्रकृतिको एक पक्ष भएकाले प्रकृतिको सम्मान गरी यसको दिगो संचालनका लागि योगदान गर्नु हाम्रो कर्तव्य हो ।

यसै कारणले परापूर्व काल देखि प्रकृतिको पुजा गर्दै आएको पर म्परा रहेको छ । यसै प्रकार मनाइने यमपञ्चकका सबै दिनमा विभिन्न प्रकृतिमा रहेका वाहकहरु काग, कुकुर, गाई, गोरु लगायतको पुजा गर्ने गरिन्छ । यसै गरी अन्य बेला सूर्य, प्रकृति लगायत विभिन्न प्रकृतिको पुजा गरे गरेर प्रकृतिको सम्मान गर्ने गरिन्छ । यसै क्रममा प्रकृतिको पुजा गरिने तिहार आज सकिएको छ ।

यतिबेला नेपालीहरुको संस्कृतिक पर्व तिहार तथा यमपञ्चक घरघर बाट भर्खरै बिदा भएको छ । हामीले रहेक चाड पर्वलाई नियालेर हेर्यौं भने यसमा निकै धेरै कुरा लुकेर बसेको देख्न सक्छौं । किनकी हामी

.... .पेज नं. ८ मा

लडेर जगदुल्ला खोलामा बेपत्ता

मेनुका बुढा

डोल्पा, कात्तिक - जाजरकोटको बारेकोट गाँउपालिका वडा नं ७ की घर बाट दाजुभाइलाई तिहारको टिका लगाउन माइत मुड्केचुला गाउँपालिका २ कालिका आफ्नो माइति तर्फ आउदै गरेको बेला लडेर जगदुल्ला नदिमा परि एक चेली बेपत्ता भएकी महिला शव अझै फेला परेको छैन ।

मुड्केचुला गाउँपालिका वडा नं. २ मा रहेका आफ्ना दाजुभाइलाई तिहारको टिका लगाउन माइत आउदै गरेकी जाजरकोट जिल्ला बारेकोट गाउँपालिका वडा नं. ७ की १९ वर्षीया इश्वोरी शाही सिंह आफ्नी ३ वर्षीया छोरी लक्ष्मी सिंहलाई बोकेर माइत तर्फ आउँदै गरेको बेला माइत पुग्नै लागेको बेला शुक्रवार दिउसो ४ बजे तिर डोल्पाको सदरमुकाम देखि करिब ४३ किलोमिटर पश्चिम जाजरकोट र रुकुम जिल्लाको सिमानामा पने

.... .पेज नं. ८ मा

तिहारले राष्ट्रिय एकता मजबुद हुन्छ

रासस

काठमाण्डौं, कात्तिक - राष्ट्रपति विद्यादेवी भण्डारीले तिहार पर्वले सम्पूर्ण नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन मद्दत पुर्याउने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपालीको महान् चाड तिहार २०७८ को अवसरमा राष्ट्रपति भण्डारीले आज जारी गर्नुभएको शुभकामना सन्देशमा सो विश्वास व्यक्त गर्नुभएको हो । उहाँले सन्देशमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ ।

झिलिमिली बत्तीको उज्यालोले औंसीको कालो अँध्यारोलाई जित्ने तिहार पर्व एक प्रतिकात्मक उत्सव पनि हो, राष्ट्रपति भण्डारीले जारी गर्नुभएको शुभकामना सन्देशमा भनिएको छ,

डोल्पामा १८ घण्टा लोडसेडिङ

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - नेपाल विद्युत प्राधिकरणमा कुलमान आए भनेर देशमा रडाको गरेका छन् । के के न ल्याउँछ भनेर ठुलाठुला नारा लगाउँछन् तर डोल्पामा उहाँ आए पनि कुनै फरक परेको छैन ।

कुलमान घिसिङ नेपाल विद्युत प्राधिकरणको नेतृत्वमा आउनु भएको छ । डोल्पाको सदरमुकाम दुनै वरपर का विद्युतका सेवाग्राहीहरुले खेप्दै आएको १८ घण्टा लोडसेडिङ जस्ताको तस्तै छ ।

अझ भन्ने हो भने तिहारको बेला बिजुली नजाने बनाउँदै छ रे भन्ने हल्ला चलिरहेको छ । तर अचम्मा डोल्पाको सदरमुकाम दुनैबासिहरुले लक्ष्मीपुजाका दिन बिहिवार दिउसो ३ बजेदेखि गएको बत्ति शुक्रवार विहान

.... .पेज नं. ८ मा

पुरुष मेयर कप मुड्केचुलाले जित्यो

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - त्रिपुरासुन्दरी नगरपालिकाले आयोजना गरेको प्रथम मेयर कप भलिवल प्रतियोगिताको पुरुष तर्फ मुड्केचुला भलिवल टिम र महिला तर्फ साइकुवारी युवा क्लवले माझफालले कप जितेका छन् ।

गएको शनिवारबाट सुरु भएको त्रिपुरासुन्दरी नगरपालिकाको प्रथम मेयर कप भलिवल प्रतियोगिताको पुरुष तर्फको आज भएको खेलमा मुड्केचुला भलिवल टिमले त्रिशक्ति युवा क्लव त्रिपुरासुन्दरी नगरपालिका २ लाई हराउदै प्रतियोगितामा प्रथम हुँदै कप जितेको हो । त्यसै गरी हिजो भएको महिला भलिवल तर्फको भलिवल प्रतियोगितामा साइकुवारी युवा क्लव माझफालले कप जितेको छ ।

पुरुष तर्फको मेयर कप भलिवल प्रतियोगितामा मुड्केचुला भलिवल टिम प्रथम हुँदै कप, मेडल र प्रथम पुरस्कार बिजेता बनेको छ । भने खेलमा त्रिपुरासुन्दरी नगरपालिका २ को त्रिशक्ति युवा क्लव दोस्रो तथा उपबिजेता बनेको छ । त्यसै गरी साइकुवारी युवा क्लव माझफाल तृतीय पुरस्कार

.... .पेज नं. ८ मा

कोप २६मा प्रधानमन्त्रीको सहभागिताले नेपाललाई फाइदा

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - प्रधानमन्त्री शेरबहादुर देउवा कात्तिक १५ र १६ गते संयुक्त अधिराज्यको ग्लास्गो मा आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्षराष्ट्रको २६ औं सम्मेलन (कोप-२६) मा भाग लिएर आज स्वदेश फर्कनुभएको छ ।

प्रधानमन्त्री देउवाले कात्तिक १५ गते कोप २६ को वल्ड लिडर समिटलाई सम्बोधन गर्दै हिमाली क्षेत्रको संवेदनशीलतालाई विश्व जगतले नजिकबाट नियाल्नुपर्ने बताउनुभएको थियो ।

प्रधानमन्त्री देउवाले विश्व जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता कार्यान्वयनका लागि नेपाल प्रतिबद्ध रहेको जनाउँदै विकसित मुलुकमा पनि उक्त सम्झौता कार्यान्वयनका लागि त्यत्तिकै जिम्मेवार रहनुपर्ने धारणा राख्नुभएको थियो ।

हिमाली क्षेत्रमा पर्ने असरले समुद्र नजिकका सबै राष्ट्रलाई पार्नसक्ने असरबारे गम्भीरतापूर्वक लिन उहाँले आग्रह गर्नुभएको थियो । प्रधानमन्त्री देउवाले नेपालले सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य राखेको बताउँदै आफ्नो अर्थतन्त्रका हरेक क्षेत्रलाई कार्बन उत्सर्जनरहित तुल्याउने प्रतिबद्धतासमेत जनाउनुभएको थियो ।

नेपालले नवीकरणीय ऊर्जा क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर स्वच्छ ऊर्जा अभियान जारी राखेको उहाँले बताउनुभयो । सो अवसरमा प्रधानमन्त्री देउवासँग बे

.... .पेज नं. ८ मा

नेपालीहरुले राष्ट्रिय ....

नेपालीहरुले मनाउने चाडबाडमा कुनै न कुनै अन्तरवस्तु लुकेको पाउन सक्छौं । हरेक चाडहरु मध्य यतिबेला भर्खरै नेपालीहरुले दोस्रो महत्वका साथ मनाइने तिहार विदा भएको छ । भने छट पर्व हाम्रो आगनमा आउदै गरेको छ । यी दुबै चाडको उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक, विज्ञापनदाता, लेखक, पाठक, शुभचिन्तक सबैको शुस्वास्थ्य, दिर्घायु अनि उत्तरोउत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेयर कप मुड्केचुला ....

जित्न सफल भएको आयोजक त्रिपुरासुन्दरी नगरपालिकाले जानकारी दिएको छ ।

महिला तर्फको मेयर कप भलिवल प्रतियोगिता साइकुवारी युवा क्लव माझफाल प्रथम हुँदै कप, मेडल र प्रथम पुरस्कार जित्न सफल भएको हो । यस खेलमा जगदुल्ला महिला भलिवल टिम द्वितीय र लिकु भलिवल टिम तृतीय पुरस्कार जित्न सफल भएको त्रिपुरासुन्दरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख भिम थापाले जानकारी दिनुभयो । पुरुष भलिबल प्रतियोगिता तर्फ प्रथम हुने मुड्केचुला भलिवल टिमले मेयर कप बिजेता बन्दै १ लाख ५५ हजार ५ सय ५५ नगद, प्रमाणपत्र, ट्रफि र मेडल रहेको प्रथम पुरस्कार जितेको छ ।, दोस्रो हुने त्रिशक्ति युवा क्लवले ९५ हजार ५ सय ५५ नगद, प्रमाणपत्र र मेडल हात पारेको छ । तेस्रो स्थान हासिल गर्ने साइकुवारी युवा क्लव माझफालले ६५ हजार ५ सय ५५ नगद, प्रमाणपत्र र मेडल रहेको तेस्रो पुरस्कार जितेको हो ।

कोप २६ मा ....

लायतका अन्तर्राष्ट्रिय व्यापारमन्त्री र परराष्ट्र राज्यमन्त्रीले शिष्टाचार भेट गर्नुभएको थियो । कात्तिक १५ गते साँझ बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले सम्मेलनमा भाग लिन आउनुभएका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूको सम्मानमा आयोजना गर्नुभएको स्वागत समारोहमा प्रधानमन्त्री देउवा सहभागी हुनुभएको थियो ।

कात्तिक १६ गते प्रधानमन्त्री देउवाले वन तथा वातावरणसम्बन्धी उच्चस्तरीय समारोहमा विशेष प्यानलिष्टको रूपमा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले नेपालको वन तथा स्वच्छ कार्बन उत्सर्जनका बारेमा गरिरहेको कामबारे अवगत गराउनुभएको थियो । सोही दिन बिहान बेलायतका प्रधानमन्त्री जोनसन र स्कटल्याण्डका सरकार प्रमुखले सीमित राष्ट्राध्यक्ष तथा सरकार प्रमुखका लागि आयोजना गर्ने 'ब्रेकफास्ट रिसेप्सन'मा पनि सहभागी हुनुभएको थियो । त्यहाँ विशेषगरी वन संरक्षण र जमिनको सदुपयोगबारे छलफल भएको थियो । सोही दिन प्रधानमन्त्री देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीबीच द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो ।

भेटवार्ताका क्रममा नेपाल र भारतबीचको सम्बन्धलाई थप बलियो र प्रगाढ बनाउने विषयमा कुराकानी भएको थियो । त्यसक्रममा प्रधानमन्त्री देउवाले भारत सरकारबाट विभिन्न क्षेत्रमा भइरहेको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै नेपालले अभाव झेलिरहेको रासायनिक मलको निरन्तर

डोल्पामा १८ घण्टा ....

१० बजेमात्र देख्न पाए । यो नियति यो दिनमा मात्र होइन हरेक १ दिन विराएर यसरी नै लोडसेडिङ् हुँदै आएको छ । नेपाल विद्युत प्राधिकरणमा कुलमान घिसिङले यो भन्दा अघिल्लो पटक नेतृत्व गरेको बेला पनि डोल्पाको सदरमुकाम वरपर विद्युत उपभोग गर्ने उपभोक्ताहरुको हातल यही थियो । त्यसैले धेरै पटक हामीले भनेर स्थानीय तथा राष्ट्रिय मिडियामा समाचार प्रकाशन भए तर घिसिङ् सरको कानमा तेल पसेन दुनैमा होटेल व्यवसाय गरेर बस्ने भक्तबहादुर गुरुङले दुखेसो पोख्नु भयो । यो पटक उहाँ आउँदा पनि हालत उही छ । के गर्ने नेपाल विद्युत प्राधिकरणमा जो आए पनि आफ्नो दुनो सोझ्याउने र काठमाण्डौंमा गरे भनेर राजनीति भट्याउने बाहेक अरु केही नगरेको नेपाल विद्युत प्राधिकरणका सेवाग्राही अमन गुरुङले बताउनु भयो । नेपाल विद्युत प्राधिकरणले तिहारमा बत्ति नजाने बनाउन लागेको भन्ने खबरले बिहिवार दिउसो दुनैबासिहरु निकै उत्साहित थिए । तर त्यो उत्साह दिउसो ३ बज्ने बित्तिकै निरासामा परिणत भयो । लोडसेडिङ भयो, बत्ति गयो, बत्ति एकै चोटी शुक्रवार विहान १० बजे मात्र आयो यो खबर के कुलमान घिसिङको कानमा कर्मचारीहरुले पुर्‍याएका छैनन् भन्ने सर्वसाधारणहरुको प्रश्न छ । बत्ति पुग्दैन भने बिग्रको एउटा जेनेरेटर ३ वर्ष देखि अहिलेसम्म किन बनेको छैन । बत्तिको क्षमता नबढाउने तिरण लाइन भने बिस्तार गरेको गरेइ गरेको तिप्लाका स्थानीय नरबहादुर बुढाको आरोप छ । उहाँका अनुसार यो सरासर अन्याय भैरहेको छ । विधुतका कर्मचारीहरुले मर्मत भनेर बर्षै पिच्छे खानेबाटो बनेको छ । तर सुधार हुन सकेको छैन । डोल्पाको सदरमुकाम र यस वरपरका १ हजार ५ सय भन्दा बढि ग्राहकहरुलाई लोडसेडिङ गर्दै धानेको छ । २ सय किलोवाट क्षमताको जैरिगाड विधुत उत्पादन गृह २२ वर्ष अघि निर्माण सम्पन्न भएको हो । निर्माण भै संचालन हुँदै आएको यो विधुत उत्पादन गृहले मर्मतका नाममा धेरै बजेट खाइ सकेको छ । २ वटा जेनेरेटर रहेको यस विधुत उत्पादन गृहको १ वटा जेनेरेटर कुलमान घिसिङ नेतृत्वमा भएकै बेला बिग्रेर मर्मतका लागि तल पठाइएको तर मर्मत भएर हालसम्म नआएको विधुत वितरण केन्द्र दुनै डोल्पाले भन्दै आएको छ । यही जेनेरेटर नबनेकाले लोडसेडिङ गर्न बाध्यता रहेको विधुतका कर्मचारी भक्तबहादुर भण्डारी बताउनु हुन्छ । जेनेरेटर मर्मत भएर छिटो आउनु पर्ने र अर्को बैकल्पिक उपायको खोजी गर्नु पर्ने तथा राष्ट्रिय विधुत लाइन छिट्टै ल्याउन स्थानीयको माग छ ।

तिहारले राष्ट्रिय ....

दीपावलीका माध्यमबाट प्रकट हुने उज्यालो प्रकाशले हामी सबैलाई सत्य र न्यायको मार्गमा अग्रसर रहन पथ प्रदर्शन गर्न सकोस् भन्ने कामना गर्दछु । तिहार मनाउने मौलिक सांस्कृतिक पर्व म्पराले प्रकृति, मानव जीवन र प्राणी जगत्को अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्नुका साथै दिदीबहिनी तथा दाजुभाइबीचको आपसी स्नेहलाई गाढा बनाउने सन्देशमा उल्लेख छ । तिहारका अवसरमा देउसी, भैलो खेल्ने विशुद्ध नेपाली संस्कृतिले बृहत् सामाजिक एकतालाई प्रगाढ बनाउन मद्दत पुऱ्याउँछ, शुभकामना सन्देशमा भनिएको छ, यसका साथै देउसी, भैलोको दक्षिणाबाट सङ्कलित रकमबाट विद्यालय, चौतारा, धारा, पाटीपौवाको निर्माण तथा मर्मतसम्भारजस्ता सामुदायिक हितका रचनात्मक कार्य गर्ने असल परम्परासमेत तिहार पर्वसँग जोडिएका छन्, हाम्रा चाडपर्वसँग जोडिएका यस प्रकारका राम्रा परम्परा र अभ्यासलाई हामीले जगेर्ना गर्नुपर्दछ

लडेर जगदुल्ला खोलामा .....

त्रिवेणी नजिक भिरबाटोबाट लडेर जगदुल्ला नदिमा खसेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ । उनको खोजी भैरहेको भए पनि आजसम्म फेला परेको छैन । खोजि कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

शुक्रवार दिउसो ४ बजेतिर लडेर जगदुल्ला नदिमा खसेकी इश्वोरी शाही सिंह बेलुकी सम्म बेपत्ता रहेको प्रहरीले जनाएको छ । उनको खोजि भैरहेको प्रहरीले जानकारी दिएको छ भने आमासँगै लडेकी छोरी लक्ष्मीको भने स्थानीयहरुको सहयोगमा उद्धार गरी उपचारका लागि नेपालगञ्ज पठाइएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रमुख डिएसपी(प्रहरी नायव उपरिक्षक) राजु पाण्डेले जानकारी दिनु भयो ।

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलव्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

हाम्रा सांस्कृतिक पर्वहरु

यतिबेला नेपालीहरुको संस्कृतिक पर्व तिहार तथा यमपञ्चक घरघरबाट भर्खरै बिदा भएको छ। हामीले रहेक चाड पर्वलाई नियालेर हेर्यौं भने यसमा निकै धेरै कुरा लुकेर बसेको देख्न सक्छौं। किनकी हामी नेपालीहरुले मनाउने चाडबाडमा कुनै न कुनै अन्तरबस्तु लुकेको पाउन सक्छौं। हरेक चाडहरु मध्य यतिबेला भर्खरै नेपालीहरुले दोस्रो महत्वका साथ मनाइने तिहार बिदा भएको छ। भने छट पर्व हाम्रो आगनमा आउदै गरेको छ। यी दुबै चाडको उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक, विज्ञापनदाता, लेखक, पाठक, शुभचिन्तक सबैको शुस्वास्थ्य, दिर्घायु अनि उत्तरोउत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भर्खरै हामीबाट बिदा भएर गएको तिहारको झनै संस्कृतिक र प्राकृतिक महत्व रहेको छ। हामी नेपालीहरु मात्र होइन मानव जातिकै लागि सहयोगी बनेका प्रकृतिको पुजा गर्ने चलन तिहार तथा यमपञ्चकका हरेक दिन विभिन्न प्राकृतिक प्रतिकहरुलाई मात्र नभएर साँच्चै प्रकृतिका वाहकहरुको पुजा गरिन्छ। तिहारमा सुरुमा सन्देश वाहकको रुपमा कागको पुजा गरिन्छ। कागले विभिन्न प्रकारका सन्दे शहरु दिने विश्वास गरिदै आएको छ। त्यसै गरी कुकुरको पनि पुजा हुन्छ। कुकुर सबै भन्दा इमान्दार पशु हो। सबैले छोडे पनि कुकुरले मानिसलाई कहिले पनि छोड्दैन। यसले सधै साथ दिन्छ। त्यस कारण काग र कुकुरको पुजा यस चाडमा सबैभन्दा पहिले गरिन्छ।

त्यस पछि लक्ष्मीको प्रतिकका रुपमा गाई पुजा गर्ने चलन छ। गाइले हामीलाई दुध दिएर आमाको स्थान पाएको मानिन्छ। जसले दुध खुवाएर हामीलाई लायक बनाउछ उहाँ आमा हो। त्यसैले गाईले आफ् नो पोषिलो दुध खुवाएर हामीलाई लायक बनाउछ, बलियो बनाउछ, विभिन्न रोगसँग लड्न सक्ने क्षमतावान बनाउछ त्यस कारण गाइ पुजा गरिने चलन रहेको छ। कात्तिक कृष्ण पक्षको त्रयोदशी तीथिमा काग पुजा, चतुर्दशी तीथिमा कुकुरको पुजा र औशीको दिनमा गाइको पुजा गरिन्छ। त्यसै गरी मंसिर शुक्ल पक्षको प्रतिपदामा हाम्रो खेतिपातिमा प्रमुख सहयोगी गोरुको पुजा गर्ने चलन छ। किनकी गोरु नहुने हो भने हामीले खेति लगाउन सक्दैनौ र हाम्रो ज्यान पाल्ने अन्न फल्दै न। त्यसैले पनि गोरुको पुजा हुँदै आएको छ। यमपञ्चकको अन्तिम दिन तथा मंसिर शुक्ल पक्षको द्वितीयामा दाजु-भाई र दिदी-वहिनीको अन्तर सम्बन्धलाई बलियो बनाउन दाजु भाईहरुको लामो आयु तथा दिर्घायुको कामना गर्दै दिदी-वहिनीहरुले दाजु-भाईलाई सप्तरंगी टिका, मखमली फूलको माला लगाइदिएर भाई पुजा गर्ने चलन रहेको छ।

यसका साथ साथै प्रकृतिको सबै भन्दा पालकका रुपमा लिइने सूर्यको प्रकाश नभए यो संसारै नरहने अवस्थालाई मध्यनजर गदै प्रकृति पालक सूर्य देव भनेर मंसिर शुक्ल पक्षको खष्टिका छटका रुपमा सूर्यलाई अर्ग्य दिएर सूर्य प्रति भक्तिभाव देखाएर पुजा अर्चना गरेर मनाइन्छ। सबै भन्दा यति बेला हामीलाई लागि रहेको छ। की हाम्रो लागि सहयोग र योगदान गर्ने हरेक प्राकृतिक चिज बस्तु र पक्षको पुजा गरेर धन्यवाद स्वरुप यी पर्वहरु मनाइने गरिएको हो।

भ्रम

लोकेन्द्र भण्डारी

भ्रम रहेछ वा
तिमीले गरेको क्रान्ति,
मेरो चोखो प्रेम पनि चिन्न सकेन
तिम्रो क्रान्तिले।

तिमी लडाइँको अग्रपङ्क्तिमा थियौ
जातीय विभेद सिध्याउन लडेको लडाइँ
वर्गीय विभेद सिध्याउन लडेको लडाइँ
यस्तो लाग्यो
तिमी मानव सभ्यताको
सर्वोच्च लडाइँमा थियौ
मलाई दुःख लाग्दै लागेन

जतिबेला
तिमीले ब्राह्मणहरुको टुप्पी काट्यौ
कतिको घाँटी काट्यौ
जसले जातमा विभेद गरे
जसले भातमा विभेद गरे।

तिम्रो क्रान्तिले सिद्धान्त बदल्यो
संविधान बदल्यो
तर बदल्न सकेन
तिम्रा सोचहरु
तिम्रा विचारहरु
तिम्रा व्यवहारहरु
तिम्रा नैतिकता र आचरणहरु
आज सोचिरहेछु
तिम्रो क्रान्तिमा किन लडे होलान्

दिलबहादुर रम्तेलहरु
सेतु विकहरु
आज तिमी आफैंले हरायौ
तिम्रो क्रान्तिको भावना
तिम्रो क्रान्तिको उद्देश्य
इतिहासमै नभेटिने गरी।

मेरो बाल मस्तिष्कमा
तिमीले नै भरिदिएको होइन र
सबैको नशामा रातो रगत बग्छ
मान्छेको जात कसरी फरक हुन्छ

त्यही कारण
मैले जात हेरिनँ वा
रगत मात्र हेरे
र
प्रेम गरेँ।

तिम्रो सैद्धान्तिक व्याख्यामा
झुट रहेछ
कलङ्क रहेछ
त्यो भनेनौ वा
हत्या गर्यौं
मेरो प्रेमको हत्या गर्यौं

तिम्रो क्रान्तिको हत्या गर्यौं
मानव सभ्यताको हत्या गर्यौं
इतिहासको हत्या गर्यौं
तिमी अपराधी हौ वा
तिमी अपराधी हौ।

खेलकुद

मेयर कपमा साइकुवारी बिजयी

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - त्रिपुरासुन्दरी नगर पालिकाले आयोजना गरेको मेयर कप भलिवल प्रतियोगिताको महिला तर्फ भलिबल प्रतियोगितामा प्रथम साइकुवारी युवा क्लव माझफ(ाल, द्वितीय जगदुल्ला भलिवल टिम, तृतीय लिकु भलिवल टिमले जितेका छन् । प्रतियोगितामा प्रथम भएको साइकुवारी युवा क्लव माझफाले प्रथम हुँदै ७० हजर ५ सय ५५ नगद, प्रमाणपत्र, ट्रफि र मेडल जितेको छ । दोस्रो भएको जगदुल्ला महिला भा(लवल टिमले ४५ हजार ५ सय ५५ नगद, प्रमाणपत्र र मेडल अनि तेस्रो भएको लिकु महिला भलिवल टिमले ३० हजार ५ सय ५५ नगद, प्रमाणपत्र र मेडल पुरस्कार प्रदान गरिएको छ । त्रिपुरासुन्दरी नगरपालिकाका अनुसार प्रथम मेयर कप भलिवल प्रतियोगि(तामा प्रतिस्पर्धाका लागि पुरुष तर्फ १९ टिम र महिला तर्फ ४ वटा टिम दर्ता भएका थिए । बिजेता टिमहरुलाई त्रिपुरासुन्दरी नगरपालिकाले आजै भव्य कार्यक्रमका साथ कप, मेडल, प्रमाणपत्र र नगद पुरस्कार वितरण गरिएको त्रिपुरासुन्दरी नगरपालिकाले जनाएको छ ।

पुरस्कार वितरण कार्यक्रम त्रिपुरा सुन्दरी नगरपालिकाकी उपप्रमुख एवम् कार्यवाहाक प्रमुख चन्द्रकुमारी बुढाको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न पाटीका प्रमुख तथा प्रतिनिधिहरु लगायतका व्यक्तिहरुले बिजेता टिमहरुलाई बधाई मन्तव्य दिनु भएको थियो ।

नाराले मात्र जनताको मन जितिदैन

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - सत्तारुढ दल ने पाली काँग्रेसका नेता प्रकाशमान सिंहले नयाँ-नयाँ नाराले मात्रै जनताको मन जित्न नसकिने बताउनुभएको छ ।

शुक्रबार नेपाल संवत् ११४२ लगायत आसन्न चाडपर्वहरुको शुभकामना आदानप्रदान गर्न राजधानीमा आयो जित कार्यक्रममा उहाँले काँग्रेस पनि कम्युनिष्टहरु लहैलहैमा लाग्न नहुने धारणा व्यक्त गर्नुहुँदै आमनागरिकले पनि राजनीतिक पार्टीहरुको इतिहास पनि हेर्नुपर्ने बताउनुभयो । 'अवसर दिँदा पनि काम गर्न नसक्नेहरुलाई हो इन, भरपर्दो पार्टी त काँग्रेस हो नि ।' लामो संघर्ष पश्चात् प्राप्त संघीयता र गणतन्त्रलाई फर्काउन खोज्नेहरुको पर्दाफास भइसकेको छ । हामीले त पहिला पनि चुनावमा भनेकै हो । नार ाको भरमा मात्र परेर हुँदैन । कुरा बुझ्नुपर्छ ।', सिंह बताउनुहुन्छ ।

उहाँले कम्युनिष्ट पार्टीहरुले जनत(ालाई भ्रम छर्ने गरेको पनि आरोप लगाउनुभयो ।

काँग्रेसकै नेतृत्वमा दोस्रो संविधानसभाबाट संविधान जारी भएको बताउनुहुँदै उहाँले संघीयता संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो । तर, प्रदे श सरकार र जनप्रतिनिधिहरुलाई जुन कानुनहरु बनाएर संघीयता संस्थागत गर्नुपर्ने हो, त्यो हुन नसकेको भनाइ उहाँको छ ।

शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुध्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

बाल संशार



फूल सबैको मनलाई मनमोहक बस्तु हो । यो सिर्जनशील हुन्छ ।

पर्यटक बढ्दै गर्दा महंगीमा बृद्धि

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - डोल्पाको सदरमुकाम सम्म मोटरबाटोको ट्रयाक ओपन भएर सडक यातायातले छोए पछि डोल्पामा पर्यटकहरुको संख्यामा उल्लेख्य बढेको छ । पर्यटकहरु बढे पछि हौसिएका पर्यटन व्यवसायीहरु आफ्नो हैसियत भुल्न थालेको गुनासो बढ्न थालेको छ । किनकी पर्यटक कम आएको बे ला पर्यटक बढेको भए हुन्थ्यो भन्ने पर्यटन व्यवसायीहरु पर्यटक बढे पछि भने उनीहरुबाट सामानको मुल्यमा मनपरी पैसा लिन थालेको बताइएको छ । पर्यटकहरुको भिडभाड बढेसँगै सुत्नका लागि प्रति बेडको १ हजार दे खि माथि लिन थालिएको, सादा खा(नाको प्रति छाक ६ सयसम्म लिन थालेको, एउटा सलाइको ५० रुपैया लिएको समेत चर्चा हुन थालेको छ । यसरी मनपरी मुल्य लिन थाले पछि पर्यटकहरु निरास बनेको बताइएको छ । यस अघि एउटा सलाईको ५ रुपै या पर्ने गरेको थियो । सादा खानाको साढे ३ सय, सुतेको प्रति बेड ५ सय रुपैयाँ लिने गरेकोमा पर्यटक बढे पछि यी सामानहरु लगायत धेरै सामानको मूल्य बढि लिन थालिएको आरोप पर्यटन व्यवसायीहरुलाई लागेको छ । यसरी लागेको आरोप प्रति पर्यटन व्यवसायीहरु गम्भिर भएर एक छाक मात्र खाने तथा बोटै उखेलेर खानु भन्दा दिगो हुने गरी इमान्दार रुपमा पर्यटक पल्काउने गरी मृदुभाषि व्य(वहार, सुहाउदो मूल्य र सेवा शुल्क लिएर आफ्नो व्यवसायमा सुधार गर्नु पर्ने शिक्षक अमन गुरुङ बताउनु हुन्छ । यस प्रकारको मनपरि तरि काले पर्यटक झल्ल्याउने गरी मनपरि समान तथा खाना, सुतेको मूल्य लिने गरेको हो भने सम्बन्धित निकायहरु तथा प्रशासनले अनुसन्धान गरी सत्य(तथ्य पत्ता लगाएर गलत कार्यलाई

सामान्य ज्ञान ०६

१. आबाल ब्रह्मचारी षडानन्द अधिकारीले भोजपुरको दिङ्लामा संस्कृत पाठशालाको स्थापना कहिले गरेका थिए ?

☐ *वि.सं. १९३२*

२. तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरि एको चर्खा प्रचारमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?

☐ *भीमशमशेर*

३. दक्षिण एसियाली राष्ट्रको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता (साउथ एसियन फुटबल फेडरेसन-साफ) २०२१ कहिले र कहाँ आयो जना गरिएको छ ?

☐ *सन् २०२१ अक्टोबर १-१६, माले (माल्दिभ्स)*

४. गोश्वारा हुलाक कार्यालयद्वारा काठमाडौँ उपत्यकामा घुम्ती हुलाक सेवाको सुरुवात कहिले गरिएको हो ?

☐ *वि.सं. २०७४ वैशाख १५*

५. 'बौद्धिकताको वास्तविक मुहान ज्ञान होइन, कल्पना हो' भन्ने विचारक को हुन् ?

☐ *अल्बर्ट आइन्स्टाइन*

६. बराबर क्षेत्रफल भएका नगरपालिका धुलिखेल र बनेपा (५५ व.कि.मि.) हुन् भने बराबर क्षेत्रफल भएका गाउँपालिका कुन-कुन हुन् ?

☐ *ओखलढुङ्गा जिल्लाका चम्पादेवी र चिशङ्खुगढी (१२६.९१ व.कि.मि.)*

सञ्चारकर्मीलाई नोबेल शान्ति पुरस्कार

- रामप्रसाद आचार्य

नोबेल पुरस्कार विश्वकै प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार हो । स्विडेनका वैज्ञानिक तथा विस्फोटक पदार्थ डाइनामाइटका आविष्कारक अल्फ्रेड नोबेलले सन् १८९५ आफ्नो अथाह सम्पत्तिबाट अक्षयकोष खडा गरी नोबेल पुरस्कार स्थापना गर्नुभयो । त्यसपछि सन् १९०१ देखि विभिन्न विधामा उत्कृष्ट व्यक्तित्वलाई नोबेल पुरस्कार दिन थालिएको हो । सुरुमा चिकित्साशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र, साहित्य र शान्तितर्फ यो पुरस्कार दिने व्यवस्था गरिएको थियो । सन् १९६८ देखि अर्थशास्त्रमा समेत यो पुरस्कार दिन थालियो ।

यी पुरस्कार स्वरूप विजेतालाई स्वर्ण पदक, प्रमाणपत्र र १० लाख डलर प्रदान गरिन्छ । नोबेलले जम्मा ३५५ वटा आविष्कार गर्नुभयो, जसमा सन् १८६७ मा गरेको डायनामाइटको आविष्कार पनि हो । नोबेललाई डायनामाइट तथा यस प्रकारका विज्ञानका विध्वंशक शक्तिबारे पूरै ज्ञान थियो । मर्ने बेलामा उहाँले विज्ञानको दुरुपयोग नहोस् भनी पुरस्कार स्थापना गर्नुभयो । सन् १८९६ को डिसेम्बर १० मा उहाँको निधन भयो । सन् १८९५ मा उहाँले इच्छापत्र तयार पार्न लगाई आफ्नो सम्पत्तिबाट अक्षयकोष खडा गर्नुभयो । उहाँको इच्छाअनुसार यस सम्पत्तिको ब्याजले प्रत्येक वर्ष मानव जातिको कल्याणको निम्ति कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मानित गरिन्छ । पहिलो नोबेल शान्ति पुरस्कार सन् १९०१ मा रेडक्रसका संस्थापक ज्याँ हेनरी ड्युना र फ्रेञ्च पिस सोसाइटीका संस्थापक अध्यक्ष फ्रेडरिक पैसीलाई संयुक्त रूपमा दिइएको थियो । शान्तितर्फको पुरस्कार नर्वेको ओस्लोबाट र अन्य पुरस्कार स्वीडेनको स्टोकहोल्मबाट प्रदान गरिन्छ । यस वर्ष भने कोरोना महामारीका कारण नोबेल विजेताहरूलाई सम्बन्धित देशबाटै पुरस्कार उपलब्ध गराउने व्यवस्था गरिएको नोबेल पुरस्कार छनोट समितिले जनाएको छ । यस वर्षका नोबेल विजेताहरू

चिकित्साशास्त्र

शरीरले मानव स्पर्श र तापक्रम महसुस गर्ने प्रक्रियामा गरेको अध्ययनका लागि दुई वैज्ञानिकलाई यस वर्षको नोबेल पुरस्कार दिइने भएको छ । वैज्ञानिक डेभिड जुलियस अमेरिकी र आर्डम पाटापोटियन ले बनान मूलका अमेरिकी नागरिक हुनुहुन्छ । दुवैलाई संयुक्त रूपमा चिकित्सातर्फको नोबेल पुरस्कार दिने निर्णय भएको नोबेल पुरस्कार छनोट समितिले जनाएको छ । उहाँहरूले हाम्रो शरीरले कसरी घामको न्यानो वा माया गर्ने मानिसको अँगालोको न्यानोपना महसुस गर्छ भन्ने बारेमा अध्ययन गर्नुभएको थियो । शरीरले कसरी शारीरिक स्पर्शलाई स्नायु प्रणालीमा विद्युतीय सन्देशका रूपमा परिवर्तन गर्छ भन्ने बारेमा उहाँले गरेको अध्ययन दुखाइसम्बन्धी समस्या समाधान गर्ने उपचारका लागि उपयोगी हुनेछ । अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयका प्राध्यापक जुलियसले पिरो खुर्सानी खाँदा पोले को महसुस गराउने रसायनका बारे मा समेत अध्ययन गर्नुभएको थियो । त्यस्तै, पाटापोटियनले गरेको अध्ययनबाट फरक खालका तर कुनै भौतिक दबाब वा स्पर्शले सक्रिय हुने कोषको अंश पत्ता लागेको थियो । गत वर्षको चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कार हेपाटाइटिस सी भाइरस पत्ता लगाउने तीनजना वैज्ञानिक जे एल्टर, माइकल हटन र चार्ल्स एम राइसलाई दिइएको थियो ।

भौतिकशास्त्र

भौतिकशास्त्र तर्फको नोबेल पुरस्कार अमेरिका, जर्मनी र इटलीका तीन वैज्ञानिकलाई संयुक्त रूपमा प्रदान गरिने भएको छ । रोयल स्विडिस एकेडेमी साइन्सका महासचिव गोरान हन्सनले अमेरिकाका स्युकुरो मानाबे, जर्मनीका क्लाउस हासेलमन र इटलीका गियोर्जियो परिसीलाई भौतिकशास्त्रको नोबेल पुरस्कार दिने निर्णय भएको घोषणा गर्नुभएको हो । मानाबे र क्लाउसलाई उनीहरूको पृथ्वीको जलवायु भौतिक मोडलिङबारे गरेको अध्ययन र पारिसीलाई आणविकदेखि आकाशीय पिण्डसम्मको भौतिक प्रणालीको गडबडीबारे गरेको अध्ययनका लागि नोबेल पुरस्कार दिने घोषणा गरिएको हो । यी वैज्ञानिकहरूले पृथ्वीको जलवायु र मानवीय क्रियाकलापले त्यसलाई कसरी प्रभावित पार्छन् भन्नेबारेको अध्ययन गर्नुभएको छ । उहाँहरूको अध्ययनले पृथ्वीको जलवायु कसरी परिवर्तन भइरहेको छ र त्यसमा मानवीय क्रियाकलापले पार्ने प्रभाव बुझ्न सघाउँछ । गत वर्ष ब्ल्याक होल र आकाशगङ्गा तारापुञ्जको रहस्य पत्ता लगाउने बेलायत, जर्मनी र अमेरिकाका तीन वैज्ञानिक रोजर पेनरोज, राइनहार्ड गेन्जेल र एन्ड्रिया गेजलाई प्रदान गरिएको थियो ।

रसायनशास्त्र

अणु निर्माण कार्य विकसित गर्ने वैज्ञानिकद्वयलाई सन् २०२१ को रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ । नोबेल पुरस्कार कमिटीले वैज्ञानिकद्वय बेन्जामिन लिस्ट र डेभिड म्याकमिलनलाई संयुक्त रूपमा उक्त पुरस्कार दिने निर्णय गरेको हो । उहाँहरूको कार्यले औषधि क्षेत्रमा अनुसन्धानका लागि सहायता पुग्ने अपेक्षा गरिएको कमिटीले जनाएको छ । .....



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय दुनै, डोल्पा

प सं ०७८।७९
च न

मिति २०७८।०७।१४

सुचना । सुचना।। सुचना ।।।

उपरोक्त सम्बन्धमा यहि मिति २०७८।०६।०५ गतेदेखी २०७८।०६।११ गते सम्म यस जिल्लाका सबै पालिकाहरुमा संचालन भएको कोभिड १९ रोग बिरुद्धको भेरोसेल खोपको पहिलो मात्रा लिएकाहरुको लागी यही २०७८।०७।२५ गतेदखी २०७८।०८।०१ सम्म दोस्रो मात्रा खोप दिने कार्यक्रम रहेकोले आफ्नो पायक पर्ने नजिकको खोप केन्द्रमा गई दोस्रो मात्रा खोप लगाउन हुन यो सुचना प्रकाशित गरीएको छ ।

साथै **Covishield** र **Astrazenica** खोपको पहिलो मात्रा लिई दोस्रो मात्रा खोप लिन छुट भएकाहरुको लागी पनि दोस्रो मात्रा खोप दिने कार्यक्रम भएकोले त्यस्ता ब्यक्तिहरुले आफ्नो पालिकाको स्वास्थ्य संयोजकसंग सम्पर्क राखी आफ्नो नाम ठेगाना र सम्पर्क नं समेत टिपाउन हुन सुचित गरीन्छ ।

नोटः खोप लगाउन आउदा अनिवार्य रुपमा पहिलो मात्रा खोप लगाएको कार्ड साथमा लिई आउनु होला ।

नि.स्वास्थ्य सेवा व्यवस्थापक

मानव संसाधनको व्यवस्थापन

- डा. दामोदर रेग्मी

मानव संसाधन व्यवस्थापन सार्वजनिक प्रशासनको महत्त्वपूर्ण व्यवस्थापकीय आयाम हो । उद्देश्यसहितको कुनै निश्चित कार्य, निश्चित विधिपूर्वक सम्पादन गरी अपेक्षित उपलब्धि हासिल गर्न विविध साधन र स्रोतको आवश्यकता पर्छ । यसमध्ये मानवस्रोत एउटा महत्त्वपूर्ण साधन हो । मानवस्रोतलाई मानव(शक्ति, श्रमशक्ति, जनशक्ति पनि भन्ने गरिन्छ । मानवस्रोत व्यवस्थापनलाई प्रतिभा व्यवस्थापन पनि भनिन्छ । मा(नवशक्तिले अन्य साधनस्रोतहरू पुँजी, प्रविधि, प्रक्रिया, वस्तु र सूचनाको उपयोग र प्रभावकारितामा अभिवृद्धि ल्याउन सक्ने तथा आफैंमा संवेदनायुक्त महत्वपूर्ण स्रोत हो । मानव संसाधनको विवेकपूर्ण व्यवस्थापन गरिनु नै प्रतिभा व्यवस्थापन हो ।

मानव संसाधनको महत्व राष्ट्रको सर्वाङ्गीण विकासको दृष्टिले साधन र साध्य दुवै आयामबाट महत्त्वपूर्ण मानिन्छ । साधनको रूपमा यसको परिचालनबिना विकास निर्माणका कार्य सम्भव हुँदैन भने साध्यको रूपमा मानव संसाधनको विकास नै राष्ट्रिय विकासको अन्तिम लक्ष्य हो । राष्ट्रिय विकासको लक्ष्य हासिल गर्नका लागि सार्वजनिक क्षेत्रमा पनि मानवस्रोतको योजना, विकास, संवर्द्धन र समुचित उपयोग अनिवार्य छ । मानव संसाधन आर्थिक तथा सामाजिक विकासको मुख्य आधार पनि हो ।

मानव संसाधन व्यवस्थापनको अभ्यास मानव सभ्यताको विकासक्रमसँगै हुँदै आएको हो । यद्यपि, यसको व्यवस्थित विकास सुरु भएको भने केही दशक मात्र भएको छ । मानवस्रोतको प्रभावकारिताबाट अन्य साधनस्रोत पुँजी, औजार, वस्तु, सूचनाको परिचालनमा प्रभावकारिता ल्याउन सकिने भएकोले मानवस्रोत स्वतन्त्र चर हो भने अन्य साधनस्रोतहरू मानवस्रोतको प्रभावकारितामा निर्भर रहने आश्रित चर हुन् । यसर्थ मानव स्रोत व्यवस्थापन महत्वपूर्ण र आवश्यक व्यवस्थापकीय संयन्त्रको रूपमा चिनिने गरेको हो ।

प्रतिभा व्यवस्थापनको अवधारणा सन् १९९७ देखि प्रयोगमा आउन थालेको हो । प्रतिभा व्यवस्थापनको अवधारणाले मानवशक्तिलाई दायित्वभन्दा पनि पुँजीको रूपमा लिने गर्छ । कसरी कर्मचारी विशेषको दक्षतालाई साङ्गठनिक लक्ष्य प्राप्तिमा उपयोग गर्न सकिन्छ भन्ने उद्देश्यबाट अभिप्रेरित गर्ने गर्छ । साधारण अर्थमा प्रतिभा व्यवस्थापन सङ्गठन(मा उपलब्ध जनशक्तिको विवेकपूर्ण उपयोग हो । प्रतिभा व्यवस्थापनको यो बुझाइले सङ्गठनमा प्राप्त भइसके का जनशक्तिको उपयोग नै प्रतिभा व्यवस्थापन हो भन्ने मात्र अर्थ लाग्न सक्छ । तर प्रतिभा व्यवस्थापन मानवस्रोत व्यवस्थापनको समग्र पक्ष र चक्रसँग सम्बन्ध राख्ने विष(य हो । मानव संसाधन व्यवस्थापन नियुक्तिपूर्व र अवकाशपश्चात्का विषयसँग सम्बन्धित छ भने प्रतिभा व्यवस्थापन यसको अतिरिक्त उत्कृष्ट जनशक्तिको प्राप्ति, विकास, प्रयोग र सङ्गठनमा टिकाइराख्ने विषयसँग पनि सम्बन्धित छ । प्रतिभा व्यवस्थापनमा प्राप्तिपूर्वको चरण, प्राप्तिको चरण, उपयोग र विकासको चरण तथा बहिर्गमनपश्चात्को चरण गरी चार चरण रहने गर्छन् ।

जनशक्ति योजना प्रतिभा व्यवस्थापनको प्राप्तिपूर्वको चरणमा पर्छ । साङ्गठनिक उद्देश्य प्राप्तिद्वारा राष्ट्रिय उद्देश्य प्राप्तिका लागि प्रतिभावान मानवस्रोत सबभन्दा महत्वपूर्ण पक्ष हो । यस चरणमा सङ्गठनका लागि आवश्यक पने उमेर समूह, योग्यता र सीपको क्षेत्र, विज्ञताको क्षेत्र आदिको विश्लेषण गरिन्छ र सोअनुरूप त्यस्ता जनशक्तिको उत्पादन गर्ने रणनीति लिइन्छ । जन(शक्ति योजना साङ्गठनिक र राष्ट्रिय तह गरी दुई तहमा निर्माण हुने गर्छ । यी दुवै तहको आवश्यकताको आधार मा विभिन्न शैक्षिक संस्थाहरूले लामो समयको अन्तरालपछि श्रम बजारमा क्षमतावान र प्रतिभावान जनशक्ति तयार गर्ने गर्छन् ।

क्षमतावान जनशक्तिको प्राप्ति गने प्रक्रिया प्रतिभा व्यवस्थापनको अको महत्वपूर्ण चरण हो । श्रम बजार मा उपलब्ध जनशक्तिमध्ये सङ्गठनलाई आवश्यक पर्ने क्षमतावान जनशक्तिको प्राप्ति गर्ने प्रक्रिया यसअन्तर्गत पर्छ । यसमा कुनै निश्चित सङ्गठनका लागि आवश्यक जनशक्तिलाई छनोटको विशिष्ट मापदण्ड तयार गरी विभिन्न प्रतिस्पर्धाको माध्यमद्वारा क्षमतावान जनशक्तिलाई सङ्गठन(मा प्राप्त गर्ने गरिन्छ । सङ्गठनका लागि आवश्यक जनशक्ति प्राप्तिका लागि अपनाइने छनोट प्रक्रियामा विभिन्न आधार अपनाइन्छ । यसमा प्रतिस्पर्धाको आधार, निष्पक्षताको आधार, प्रतिस्पर्धामा समान रूपमा सहभागिता जनाउन पाउने अवसरको आधार, सहभागीहरूको प्रतिस्पर्धालाई तटस्थ र निष्पक्ष रूपमा परीक्षण गने आधार र जनशक्तिको सेवासुविधा र सेवा अवधिको आधारजस्ता पक्ष रहेका हुन्छन् ।

जनशक्ति प्राप्तिका लागि अपनाइने प्रक्रियालाई व्यवस्थापकीय भाषामा पदपूर्ति भन्ने गरिन्छ । पदपूर्ति सम्बन्धमा लुट प्रणाली, योग्यता प्रणाली र मिश्रित प्रणाली चलनचल्तीमा रहेका छन् । योग्यता प्रणालीमा सङ्गठनमा आवश्यक पर्ने जनशक्तिलाई निष्पक्षता र प्रतिस्पर्धाको आधारमा छनोट गरिन्छ । सर्वसाधारणको सहज पहुँच र निष्पक्ष छनोट प्रणालीको कारणले योग्यता प्रणाली पदपूर्तिको लागि उचित मानिएको छ ।

श्रम बजारमा उपलब्ध क्षमतावान जनशक्तिको प्राप्तिले मात्र सङ्गठनको आवश्यकता पूर्ति हुँदैन । यस्तो क्षमत(वान जनशक्तिलाई क्षेत्रगत विज्ञताको आधारमा काममा उपयोग गर्ने प्रक्रिया प्रतिभा व्यवस्थापनको महत्वपूर्ण चरण हो । विभिन्न चरणको प्रतिस्पर्धात्मक छनोट प्रक्रिया पार गरेर आएका जन(शक्तिलाई विभिन्न आधारमा प्रयोग गर्ने गरिन्छ । यसमा पहिलो विज्ञताको आधार हो, जसमा जुन कामको लागि लिइएको हो, सो काममा लगाउने क्षेत्र पर्छ । दोस्रोमा योग्यता, सीप, दक्षता, अनुभव आदिको आधारमा कार्य विनियोजन गर्ने गरिन्छ । यसैगरी तेस्रो मा परिणाम र उत्तरदायित्वको आधार पर्ने गर्छ । कार्य विवरणको आधारमा काममा लगाउने, कुन काम के कसरी कुन प्रक्रियाद्वारा सम्पादन गरिने हो, सोको स्पष्ट आधार तोक्ने तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली पर्छ ।

जनशक्ति प्रयोगको अर्को आधार सक्षमताको आधार हो, जसमा योग्यता, अनुभव र दक्षतालाई हेरेर काममा लगाउने गरिन्छ । यसैगरी स्थानअनुरूप व्यक्तिको उपयुक्तताको आधारमा सही व्यक्तिलाई सही ठाउँमा पदस्थापन गर्ने गरिन्छ । उत्प्रेरणाको आधारमा आकर्षक वृत्तिमार्ग, कार्य परिवर्तन, कार्य विस्तृतीकरण, कार्य पुष्टिकरण, आकर्षक तलवमान र उत्प्रेरणाका मौद्रिक तथा गैरमौद्रिक माध्यमद्वारा क्षमतावान जनशक्तिलाई सङ्गठनको लक्ष्यप्राप्तिमा उपयोग गने गरिन्छ ।

जनशक्ति प्रयोगको अर्को महत्वपूर्ण विषय क्षमतावान जनशक्तिलाई सङ्गठनमा टिकाइराख्ने आधार हो । यसमा आकर्षक, पूर्वानुमानयुक्त र पारदर्शी वृत्तिमार्गको अवलम्बनद्वारा सङ्गठनमा क्षमतावान जनशक्ति आकर्षण गर्ने र टिकाइराख्ने रणनीति लिइन्छ । यस अतिरिक्त काम अनुसार को तलवभत्ता र अन्य सुविधाहरू, मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन व्यवस्था, सेवा सर्तको सुरक्षा र सेवा अवधिको सुरक्षा, बिदा, उपचार खर्च र पारिवारिक तथा सामाजिक संस्कार को सम्मान, सुमधुर सम्बन्धसहितको परिवारको अवधारणा, पेसागत व्यवसायिकताको प्रवर्द्धनजस्ता विषय जनशक्ति व्यवस्थापनका अपरिहार्य आवश्यकता हुन् ।

सङ्गठनमा उपलब्ध जनशक्तिलाई कार्यशैली, प्रविधि, विकसित नवी(नतम प्रवृत्तिसँग परिचित गराई कार्य सहजताका साथ सम्पादन गर्नसक्ने कौशल वृद्धि गराउन तालिमको अहं भूमिका रहेको हुन्छ । .....

काइके गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

काइके गाउँपालिकाको कार्यालय

तारागगर, डोल्पा

जलवायु सम्मेलनका अन्तर्वस्तु

- प्रेमबहादुर थापा

दीर्घकालीन रूपमा हुने तापक्रम वृद्धि, वर्षा, वायु, आद्रता र वायुमण्डलीय चापमा हुने प्रतिकूलता अर्थात् अनपेक्षित परिवर्तन नै जलवायु परिवर्तन हो । जलवायु परिवर्तन वातावरणीय प्रदूषणको मूल कारक हो । दुष्परिणाम स्वरूप पृथ्वीको तापक्रममा वृद्धि, हिउँ तथा हिमनदी पग्लनेक्रममा तीव्रता, भू-क्षय, बालीचक्रमा परिवर्तन, जैविक विविधताको नाश तथा समुद्री सतहमा वृद्धि हुन जान्छन् । पानीको सतह बढ्दै जाँदा आँधी र चक्रपातमा वृद्धि, खडेरीको अवधि लम्बिने र वर्षात्को अवधि छोट्टिने, चिसो हावाबाट शीत लहर र तातो हावाबाट 'लु' जस्ता असरहरू देखापरेका छन् । विनाशकारी डढेलो, उष्णवायु, आँधी, तूफान, हिमालको हिँउ पग्लेर कुरूप देखिनुजस्ता समस्याहरू पनि जलवायु परिवर्तनका असर हुन् । यसले नयाँ प्रकृतिका रोगहरूको उदय र ठूलो जनधनको क्षति हुनुका साथै पर्यावरण र जैविक विविधतामा प्रतिकूल प्रभाव पर्छ । त्यसैले जलवायु परिवर्तन विश्व समुदायकै लागि एउटा पेचिलो मुद्दा बन्दै गएको छ । जलवायु परिवर्तनमा कारकको भूमिका खेल्ने तत्व हरितगृह ग्यासहरू हुन् । क्याटो प्रोटोकलले उल्लेख गरेका मुख्य सात वटा हरितगृह ग्यासमध्ये विश्वव्यापी उष्णीकरणमा सबैभन्दा बढी भूमिका खेल्ने कार्बन डाइअक्साइड ग्यास रहेको छ । एक तथ्याङ्कअनुसार विश्वका औद्योगिक राष्ट्रले हरितगृह ग्यास उत्सर्जनको ७० प्रतिशत हिस्सा ओगटेका छन् । जसमा चीनले मात्रै कुल हरितगृह ग्यास उत्सर्जनको २५ दशमलव २६ प्रतिशत हिस्सा ओगट्छ । अमेरिकाले १४ दशमलव ४, युरोपेली युनियन सम्बद्ध देशहरूले १० दशमलव १६ र भारतले ९ दशमलव ६ प्रतिशत हिस्सा ओगट्न पुगेका छन् । नेपालले विश्वको कुल हरितगृह ग्यासको करिब ० दशमलव ०२७ प्रतिशत उत्सर्जन गरेको छ । विश्वको कुल जनसङ्ख्याको ४ दशमलव ६ प्रतिशत जनसङ्ख्या ओगटेको अमेरिकाले मात्रै ३३ प्रतिशत ठोस फोहोर वस्तु उत्पादन गर्छ । यसरी जलवायु परिवर्तन गराउनमा नेपालको भूमिका न्यून भए पनि त्यसबाट उत्पन्न जोखिमका हिसाबले नेपाल विश्वकै चौथो जोखिमपूर्ण राष्ट्रमा पर्छ । जलवायु परिवर्तनले जैविक विविधता तथा मानवीय स्वास्थ्यको सम्बन्धमा विश्वको ध्यान आकृष्ट त भएको छ तर रोकथामका लागि चालिनुपर्ने कदम अझै अपुग भएका छन् । आणविक भट्टीको विस्तार, औद्योगिक तथा अन्य प्रयोजनका लागि दोहन गरिने कोइला, तेल तथा प्राकृतिक ग्यासजस्ता जैविक इन्धनको प्रयोगबाट ठूलो परिमाणमा हरितगृह ग्यास उत्सर्जन भइरहेको छ । हाल विश्वका ३१ मुलुकमा ४ सय ४० वटा आणविक भट्टी सञ्चालनमा छन् । त्यस्ता भट्टीमा विभिन्न समयमा विष्फोट हुने गरेका घटनाले वातावरण प्रदूषण भएको छ । शक्ति राष्ट्रहरूबाट आणविक हतियारको मनलाग्दो परीक्षण र प्रयोग भएका छन् । त्यसैगरी, नवीकरणीय ऊर्जालाई प्राथमिकता दिनुपर्नेमा पेट्रोलियम पदार्थको अत्यधिक प्रयोग भएको छ । वल्डोमिटरको तथ्याङ्कअनुसार विश्वमा हरेक दिन नौ करोड ७१ लाख ३ हजार आठ सय ७१ ब्यारेल इन्धन खपत हुने गर्छ । यसले विश्व तापमान वृद्धि, जलवायु परिवर्तन र ओजोन तहको विनाशमा मलजल प्रदान गरेको छ । औद्योगिक तथा अन्य प्रयोजनका लागि दोहन गरिने कोइला, तेल तथा प्राकृतिक ग्यासजस्ता जैविक इन्धनको प्रयोगबाट ठूलो परिमाणमा हरितगृह ग्यास उत्सर्जन भइरहेकोले पर्यावरण सन्तुलनमा राख्ने जीवजन्तु तथा प्राणीको जीवनचक्र प्रभावित हुन पुगेको छ । विश्वका जुनसुकै मानवबस्ती वरपर मूलतः प्लाष्टिकजन्य फोहोर यत्रतत्र देख्न सकिन्छ । विश्व बैङ्कको तथ्याङ्कअनुसार हाल विश्वमा वार्षिक २ दशमलव ०१ बिलियन टन फोहोरमैला उत्पादन हुने गर्छ भने हरेक व्यक्तिले एक दिनमा औषत ० दशमलव ७४ किलोग्राम फोहोरमैला उत्पन्न गर्छ । यही गतिले सन् २०५० सम्म विश्वमा ३ दशमलव ४० बिलियन टन फोहोरमैला उत्पादन हुनपुग्छ । यसले माटो, हावा र नदीनालाहरू प्रदूषित हुँदै गएका छन् । उद्योगधन्दा तथा कलकारखानामा उत्पन्न हुने विभिन्न रसायनजन्य तरल फोहोरले माटो प्रदूषित गराएको छ । कृषि प्रयोजनमा जथाभावी विषादीको प्रयोग गर्दा सूक्ष्म जीवाणु र कीराफट्याङ्गाको सङ्ख्या ह्वात्तै बढेको छ ।

यसरी प्रदूषणमार्फत भएको जलवायु परिवर्तनका कारण विश्व समुदाय नै नराम्ररी प्रताडित हुनुपरेको छ । खासगरी हिमाली र समुद्री तटका राष्ट्रहरू यसबाट बढी प्रभावित छन् । नेपालले वि.सं. २०६६ मङ्सिर १९ गते सर्वोच्च शिखर सगरमाथाको आधार शिविर कालापत्थर (१७,१९२ फिट उचाइ) मा मन्त्रिपरिषद्को बैठक सम्पन्न गरी हिमाली राष्ट्रलाई बचाउन विश्वको ध्यान केन्द्रित गरेको थियो । डिसेम्बर ३१, २०१८ देखि राष्ट्रिय जलवायु सम्मेलन गदै जलवायुमैत्री विकास प्रवर्द्धन गने लक्ष्य आत्मसात् गरिएको छ । नेपालमा वनजङ्गलले ढाकेको क्षेत्र ४४ दशमलव ७४ प्रतिशत रहेको छ । यसरी कार्बन उत्सर्जन कटौतीमा ठूलो योगदान गर्ने मुलुक नेपाल जलवायु परिवर्तनको ठूलो प्रभावमा परिरहेको छ । समुद्री तटका राष्ट्रहरूमध्येको माल्दिभ्सले सन् २००९ अक्टुबर २० तारिखमा जलवायु परिवर्तनसम्बन्धी विश्वको ध्यान आकर्षित गर्न समुद्री सतहभन्दा छ मिटरमाथि मन्त्रिपरिषद्को बैठक बसालेको थियो । सन् २००७ को आईपीसीसीको प्रतिवेदन अनुसार सन् १९६१ देखि सन् १९९३ बीचमा औषत समुद्रको सतह १ दशमलव ८ (१.३ देखि २.३) मिलिमिटर बढे

त्रिपुरासुन्दरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्नै गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्नै गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

त्रिपुरासुन्दरी नगरपालिकाको कार्यालय

त्रिपुराकोटवगर, डोल्पा

डोल्पोबुद्ध गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्नै गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्नै गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

डोल्पोबुद्ध गाउँपालिकाको कार्यालय

धो, डोल्पा

राष्ट्रिय जनगणना: बहुआयामिक परीक्षण

- दीपक ज्ञवाली

राष्ट्रिय जनगणना-२०७८ को मूल गणना कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुँदैछ । 'मेरो जनगणना, मेरो सहभागिता' नाराका साथ केन्द्रीय तथ्याङ्क विभाग १२औँ राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । तयारीको पहिलो चरणअन्तर्गत घर तथा घर परिवार सूचीकरण भएको छ । अब बहुआयामिक मूल गणनाको प्रतीक्षा छ ।

तथ्याङ्कले हरेक क्षेत्रमा सबैभन्दा ठूलो अर्थ राख्छ । तथ्याङ्ककै आधार मा योजना निर्माण हुन्छन् । बजेट विनियोजन हुन्छ । तथ्याङ्ककै आधार मा समाजको आगामी दिशा निर्धारण हुन्छ । देश र जनताको समृद्धिको खाका तथ्याङ्ककै आधारमा तय हुन्छन् । अरू त अरू, तथ्याङ्ककै आधार मा कुनै देशलाई कस्तो दृष्टिले हेने , कस्तो बनाउने, कस्तो सहयोग वा असहयोग गर्ने भन्ने अन्तर्राष्ट्रिय मा(न्यता बन्दछ ।

खोजी पत्रकारितामा पनि तथ्याङ्कको निकै ठूलो अर्थ हुन्छ, जसबाट सत्य पत्ता लगाउन सकिन्छ । सत्य पत्ता लाग्दा अनियमितताको अन्त्य गर्दै सुशासन कायम गर्न बल प्रदान हुन्छ । संसारमा ठूला ठूला अनियमितता र बेथितिहरू तथ्याङ्कका आधारमा पत्ता लाग्ने गरेका उदाहरणहरू छन् । यी सबै काम सही तथ्याङ्कबाट मात्र सम्भव छन् । तथ्याङ्क गलत भए र तिनको प्रयोग गरियो भने अनिष्टका तमाम शृङ्खलाहरू ओइरिन थाल्दछन् । विकासको साटो विनाश हात लाग्न सक्छ ।

प्रसङ्गत: अहिले देश १२औँ राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । सही तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने र त्यही तथ्याङ्कका आधारमा जनता, समाज र देशको अबको यात्रा तय गर्ने हाम्रासामु सबैभन्दा ठूलो दायित्व छ। उदाहरणका लागि एउटा गाउँमा कति जनसङ्ख्या छ ? को को बसोवास गर्छन् ? नागरिकको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक अवस्था कस्तो छ ? यस्तै तमाम सही तथ्याङ्कका आधारमा त्यस गाउँका नागरिकको समस्या र आवश्यकता पहिचान हुन्छ । आगामी योजना, बजेटलगायतको तय गर्न सकिन्छ । तथ्याङ्क सही भएन भने उक्त गाउँम(ाथिको योजना असफल मात्रै होइन, दुष्परिणाममा समेत परिणत हुन्छन् ।

बहुआयामिक अवसर

देशका तमाम सही सूचना र तथ्याङ्का लागि १२औँ राष्ट्रिय जनगणना बहुआयामिक अवसर हो । तथ्याङ्कमाथि लापरबाही गर्न कसैलाई छुट छैन । यो मामिलामा नीति निर्माणदेखि सामान्य गणकसम्म निकै संवेदनशील, जिम्मेवार, निस्वार्थ र सक्षम बन्न जरुरी छ । किनभने तथ्याङ्कमाथिको सानो गल तीले राष्ट्र र जनतामाथि ठूलो धोका हुनसक्छ । त्यसैले राष्ट्रिय जनगणन(लाई सफल पार्न सरकार र समाजका सबै तह र तप्काको निकै ठूलो योगदान हुनुपर्ने हुन्छ ।

केही ठूला र अत्यासलाग्दा राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रमका कारण विगतका केही राष्ट्रिय जनगणना प्रभावित भएको तर्क गर्नेहरू अहिले पनि छन् । कतिपय गणक गाउँमै पुग्न नसकेको वा लक्षित भूगोलमा नपुगिकनै तथ्याङ्क तयार पारेका कारण सही तथ्याङ्क सङ्कलन हुन नसकेको आरोप लाग्दै आएको छ । यसपालि पनि सहज अवस्था भएन । विश्वभर अप्रत्याशित क्षति पुऱ्याएको कोभिड-१९ कारण राष्ट्रिय जनगणनाको पूर्वनिर्धारित तालिका प्रभावित हुन पुगेको हो । अहिले स्थिति सामान्य बन्दै छ । कतिपय चुनौती चिर्दै जनगण(नाको मूल गणना सम्पन्न गर्ने दायित्व सबैसामु छ । यस पटक विगतमा जस्तै कतिपय कमजोरीको आरोप लाग्ने अवस्था आउन दिनु नै हुँदैन । जनगणनामा सरकार र समाजका सबै तहका नागरिकको सहभागिता र सत्रि(यता हुनुपर्छ । यसैले मात्रै जनगण(नाको उद्देश्य पूरा हुनेछ ।

यस पटकको राष्ट्रिय जनगणन(ामा केही अतिरिक्त मौलिकपन छन् । नयाँ संविधान र सङ्घीयता लागू भइसकेपछिको जनगणना ७ प्रदेश र ७५३ स्थानीय तहबाट हुँदैछ । जनगणना सफल हुँदा र सही तथ्याङ्कहरू सङ्कलन हुँदा संविधान र सङ्घीयताको सफल कार्यान्वयनमा बल पुग्नेछ । संविधानप्रदत्त मौलिक हक-अधिकार तथा सामाजिक सुरक्षाका प्रावधानहरूलाई थप प्रभावकारी बनाउन सघाउ पुग्नेछ । राज्यका तीनै तहमा नीति-नियम र योजना निर्माणका लागि दिशा निर्देश हुनेछ । हरेक नागरिकले राज्यलाई योगदान दिने र राज्यबाट पाउने लाभ लिने अवसरको पनि यसले सुनिश्चित गर्ने छ ।

विवादरहित गणना र कार्यसम्पादनका लागि केन्द्रीय तथ्याङ्क विभागले प्रतिबद्धता जनाएको छ । त्यसका लागि प्रदेश, जिल्ला र स्थानीय स्तर मा आवश्यक सङ्ख्यामा जनगणना कार्यालयहरू स्थापना भएका छन् । ती सबै कार्यालय, कार्यालयका अधिकार ीहरू, गणक-सुपरिवेक्षक सबैका लागि कुशल कार्यसम्पादनको क्षमता प्रदर्शन गर्ने अवसर छ । विश्वसनीय तथ्याङ्कका निम्ति गणक-सुपरिवेक्षकको महत्वपूर्ण भूमिका रहन्छ । विविध भाषाभाषी, संस्कार, संस्कृति र शैली भएका स्थानीयसँग घुलमिल हुने, सबै प्रकारका सहयोग लिने र सही सूचना लिनसक्ने सीप र जाँगर गणक-सुपरिवेक्षकहरूले प्रदर्शन गर्नसक्नु पर्दछ । सजिलै नखुल्ने कतिपय नागरिकले आफ्नो सही विवरण दिन हिच्किचाउन पनि सक्छन् । फरक भाषा र भूगोलको समस्याका कारण सही तथ्याङ्क लिन जटिल पनि हुनसक्छ । कुशल गणक-सुपरिवेक्षकहरूले यस्तो जटिलता पार गर्दै सही नजिता निकाल्न सक्दछन् ।

..... (साभार: गोरखापत्र)

ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिइरहेको कोरोना भाइरस कोभिड १९ हाल डोल्पामा पनि दिन २ गुणा रात चौगुणाको रफ्तारमा फैलिइ रहेको हुँदा कोरोना भाइरस कोभिड १९ बाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा